# बटेश्वर गाउँपालिका

**Bateshwor Rural Municipality**

## गाउँ कार्यपालिकाको कार्यालय,बटेश्वर,धनुषा

**Office Of The Rural Municipal Executive Bateshwor ,Dhanusha**

मधेश प्रदेश नेपाल

Madhesh Provience, Nepal

पत्र संख्या(Ref No.):-२०८३/०८४

चलानी नं.(Dispatch No. )

मिति(Date):२०८३।०५।२५

## विज्ञप्ति

मिति २०८३ भाद्र १० गते तिब्बत-नेपाल सीमा क्षेत्रबाट भोटेकोशी नदी हुँदै आएको अकल्पनीय एवं अभूतपूर्व विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवन लगायतका जिल्लाहरूमा हुन पुगेको अपूरणीय जनधनको क्षतिप्रति बटेश्वर गाउँपालिका गहिरो शोक व्यक्त गर्दछ।

राष्ट्रिय विपत्तिको यस कष्टकर एवं विषम परिस्थितिमा अमूल्य जीवन गुमाउनु हुने सम्पूर्ण दिवङ्गत आत्माहरू प्रति यस गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन प्रति हृदयविदारक समवेदना प्रकट गर्दछौं। साथै, विपद्मा परी घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित जनसमुदायको द्रुत उद्धार, सुरक्षित पुनर्स्थापना र सहज जनजीवनको कामना गर्दछौं।

यस्तो राष्ट्रिय विपद्को समयमा दुःखमा परेका व्यक्तिहरूलाई सङ्घीय तथा प्रदेश सरकार, स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र, पेसागत सङ्घ-संस्था एवं आम ना गरिक सबैले आ-आफ्नो स्थानबाट सहयोग पुर्‍याउनु हाम्रो सर्वोच्च मानवीय दायित्व र सामाजिक कर्तव्य हो। विपद्को यस कठीन घडीमा सहानुभूतिमा मात्र सीमित नरही परस्पर सहयोग, समन्वय, सहकार्य, हातेमालो र ऐक्यबद्धता प्रदर्शन गर्नु नै वास्तविक मानवीय धर्म भएको अङ्गीकार गर्दै, बाढी प्रभावित व्यक्तिहरूको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा योगदान पुर्‍याउने उद्देश्यले यस गाउँ पालिकाबाट तपसिल बमोजिमको रकम "प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष" मा जम्मा गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

तपसिलः

| सि.नं. | योगदानको समूह | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका को विपद व्यवस्थापन कोषबाट | ५०००००।- | |
| २ | सम्पूर्ण जनप्रतिनिधिहरूको तर्फबाट | १०११७८।- | |
| ३ | सम्पूर्ण कर्मचारीहरूको तर्फ बाट | ५४८७६८।- | अधिकृतस्तरका कर्मचारीहरूको ७ दिनको तलब, सहायकस्तर को कर्मचारीहरूको ५ दिनको तलब एवम् श्रेणीविहीन सहयोगी स्तरका कर्मचारीको २ दिनको तलब(स्वास्थय सेवाका समेतका कर्मचारीहरु) |
| ४ | सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूको तर्फबाट | ८८०६०८।- | मा.वि. शिक्षकको ७ दिनको तलब, आधारभूत शिक्षकको ५ दिनको तलब एवम् सहयोगी कार्यकर्ता र कर्मचारीको २ दिनको तलब |
| | जम्मा | २०३०५५४।- | |

रेवती प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

राम अशिष महतो
गा.पा. अध्यक्ष